**मितिः २०७४/२/१८**

**<u>प्रेश वक्तव्य</u>**

**<u>नाट्टाले चीनमा पर्यटन प्रवर्द्धन (सेल्स मिशन) गर्ने ।</u>**

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले नियमित रुपमा आयोजना गर्दै आई रहेको चाईना सेल्स मिशन पुनः यस पटक पनि नेपाल पर्यटन बोर्ड र नेपाल राजदूतावास बेइजिङ्गको सहकार्य एंव समन्वयमा आगामी जून ७ देखि १७ तारेख सम्म मित्रराष्ट्र चीनका चार प्रमुख व्यवसायिक शहरहरुमा चेङदु, ग्वाङजाउ, हाङ्गजाउ र बेजिङ्गमा आयोजना गर्ने तयारी लगभग समाप्त भै सकेको व्यहोरा आदरणीय संचार जगतलाई सहर्ष जानकारी गराउन चाहन्छौं । नाट्टाले यस बर्षको नेपाल चाईना सेल्स मिशनको समन्वय गर्न मलाई संयोजकका रुपमा मनोनयन गरेकोले मैले मिशनलाई अत्यन्तै सफलतापूर्वक सम्पन्न गर्न भगीरथ प्रयास गरि रहेको पनि निवेदन गर्न चाहन्छु ।

संघका अध्यक्ष श्री मधुसूदन आचार्यज्यूको नेतृत्वमा चीन जान लागेको नेपाली पर्यटन व्यवसायीहरुको प्रवर्द्धन टोलीमा ट्राभल/टूर व्यवसायी, होटेल एवम् ट्रेकिङका गरि कुल ३२ जना सहभागी सम्मिलित छन् । यस टोलीले उल्लेखित चारै वटा शहरमा नेपाल को पर्यटनबारे प्रस्तुतिकरण (power point presentation) गर्नुका साथै त्यहांको स्थानीय टूर अपरेटरहरुसंग B2B गर्ने तथा स्थानीय संचार माध्यमहरुलाई नेपालका पर्यटकीय आकर्षणबारे जानकारी गराईने कार्यक्रम छ । चेङदु र ग्वाङजाउमा नेपाली राजदूतावासले पनि नाट्टाको यस प्रवर्द्धन मूलक कार्यक्रममा सहकार्य गर्दै स्थानीय सरकारी निकाय तथा पर्यटन संघ-संस्थाहरुको बिषेश भेला आयोजना गरेर नेपालको पर्यटन प्रवर्द्धन कार्यक्रम- २०१७ गर्ने भएको पनि जानकारी गराउन चाहन्छौं ।

चीन सरकारले सन् १९७८ देखि अवलम्बन गरेको राष्ट्रिय सुधार र खुल्लाद्वार नीतिको फलस्वरुप चीनबाट पर्यटकहरु बाह्य मुलुकमा भ्रमणका लागि जाने प्रथा द्रूत रुपले अघि बढेको हो । सन् २०१६ मा १२ करोड २० लाख चिनियांहरु बाह्य भ्रमणमा गएको अभिलेख छ । UNWTO को आंकडा अनुसार ती चिनियां पर्यटकहरुले १ खर्ब १० अर्ब अमेरिकी डलर खर्च गरेका थिए ।

सन् २००९ मा चीन सरकारले नेपाललाई पनि संभाव्य चिनियां नागरिकहरुका लागि प्रमुख गन्तव्यका रुपमा मान्यता दिए पछि नेपाल आउने चिनियां पर्यटकहरुको संख्या बर्षेनि बढ्दै गै रहेको हामी पाउंछौं ।

नेपाल आउने चिनियां पर्यटकहरुको विगतको आंकडा हेर्दा सन् २०१४ मा १ लाख २३ हजार ८०५, सन् २०१५ मा ६६ हजार ९८४ र सन् २०१६ मा ८० हजार ५५३ रहेको देखिन्छ । हामीले चीनमा प्रवर्द्धनका केहि एकीकृत ठोस कार्यक्रमहरु लैजान सकेको खण्डमा नेपालमा चिनियां पर्यटकहरुको संख्या बढ्न गै यहांको आर्थिक उन्नति हुनुका साथ साथै आम जनताको जीवनोस्तर पनि उच्च हुंदै जाने विश्वास लिन सकिन्छ ।

नाट्टाको नेतृत्व तथा संयोजनमा नेपालको पर्यटन प्रवर्द्धन गर्न चीन जाने टोलीमा नेपाल पर्यटन बोर्डबाट दुई जना प्रतिनिधि रहनु हुने भएको छ। साथै, एअर चाईनाबाट पनि एक जनाको प्रतिनिधित्व रहने भनिएको छ। चीनको हाङ्गजाउ र बेईजिङ्ग शहरमा गरिने कार्यक्रमहरुमा हालैमात्र नाट्टाले समझदारी पत्रमा हस्ताक्षर गरेका चाईना चेम्बर अफ टूरिज्मबाट सहयोग रहने विश्वास लिइएको छ।

नाट्टाको यस प्रवर्द्धन कार्यक्रमलाई सहज बनाउन यस कार्यक्रमका संयोजक स्वयं तीन दिन अगाडी चीन गै त्यहां भए गरिएका तयारीको सुपरिवेक्षण गर्नु हुने पनि निश्चित भै सकेको छ।

स्मरणीय छ, नाट्टाले सन् २०१७ को जनवरीमा स्पेनको म्याड्रिडमा भएको FITUR मा सहभागी हुनुका साथै मार्च १७-१९ मा MATTA ले कोललम्पूरमा आयोजना गरेको MATTA Int'l Travel Fair मा सहभागी भैसकेको छ। त्यसरी नै, अप्रैल २०-२२ मा बांग्लादेशको Dhaka मा TOAB द्वारा आयोजना गरिएको BTTF मा पनि नाट्टा सहभागी भएको उल्लेख गर्न चाहन्छु। नाट्टाले सन् २०१७ मा हाल सम्म गरेको नेपालको अंतराष्ट्रिय पर्यटन प्रवर्द्धन कार्यक्रममा Nepal China Sales Mission- 2017 चौथो हो।

धन्यवाद,

वरुण मेहता  
नाट्टा संयोजक  
नेपाल चीन सेल्स मिशन- २०१७